माडी नगरपालिका

नगर कार्यपालिका कार्यालयको

आर्थिक वर्ष २०८२/०८३ को

# दोश्रो चौमासिक




# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

प्रस्तुतकर्ता

स्वदेश एफ.एम.
९३.२ मेगाहर्ज

देवनारायण शाह

माडी न.पा.-३, चितवन

सोमबार, ४ जेष्ठ, २०८३

CamScanner

## माडी नगरपालिका, नगर कार्यपालिका कार्यालयद्वारा

## चालु आ.व २०८२/०८३ को दोश्रो चौमासिक अवधीमा सञ्चालित योजना, कार्यक्रम तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक

# सार्वजनिक सुनुवाईको संक्षिप्त प्रतिवेदन-२०८३

### १. कार्यक्रमको परिचय :

स्थानीय निकायहरूको कामलाई सुशासन, पारदर्शिता, जवाफदेहिता, जनसहभागिता र विधिको शासन स्थापनाका लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने व्यवस्था रहेको छ । यस्ता निकायहरूले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय निकायका पदाधिकारीहरू तथा सरोकारवाला नागरीकबीच सार्वजनिक स्थानमा गरिने खुला छलफल नै स्थानीय तहको सार्वजनिक सुनुवाई हो । यस किसिमको छलफलले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता, र सार्वजनिक चासोका बिषयमा आम नागरीकहरूको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरीकको सहभागितालाई प्रवर्द्धन गर्दछ । यसबाट सार्वजनिक वस्तु, सेवा र विकास निर्माणका कृयाकलापहरू जनअपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको विकास गर्न समेत टेवा पुग्दछ ।

सार्वजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीहरूलाई सार्वजनिक वस्तु, सेवा र सुविधाको बारेमा सेवाग्राहीबाट पृष्ठपोषण प्राप्त गर्ने अवसर प्रदान गरी कमी कमजोरीहरू सच्याउन मद्दत गर्दछ । सुनुवाईमा सार्वजनिक चासोका बिषयमा जिम्मेवार पदाधिकारी तथा सेवाग्राही बीच प्रश्नोत्तर हुनुका साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा अपेक्षा गरेका सुधारहरू समेत प्रष्फुटित हुने र जिम्मेवार पदाधिकारीहरूबाट उक्त सुधारहरू हासिल गर्ने संभावनाहरूको बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरू समेत तयार हुन्छ । यसरी तयार भएको प्रतिवद्धता कार्यान्वयनबाट नै सुधारको अपेक्षा गर्न सकिन्छ ।

यसै सन्दर्भमा, माडी नगरपालिकाले समेत आफ्नो सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रक्रिया, प्राप्त उपलब्धि र गुनासोबारे नागरिकको अभिमत वा विचार बुझी सेवा प्रवाह सुधार गर्ने र नागरिकहरुबीच दोहोरो संवाद स्थापित गर्ने तथा यस्ता संवादबाट नागरिकहरुलाई नगर विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमबाट माडी नगरपालिकाको विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय एवं प्रभावकारी बनाउँदै जनप्रतिनिधि तथा कर्मचारीहरुलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहितामा अभिवृद्धि गर्न माडी नगरपालिकाको सार्वजनिक सुनुवाइ कार्यविधि २०८२ तर्जुमा गरेको अवस्था छ ।

सो कार्यविधि बमोजिम तथा माडी नगरपालिका नगर कार्यपालिका कार्यालय, बसन्तपुर, चितवनको बार्षिक कार्यक्रम अन्तरगत चालू आ.व. २०८२/८३ को दोश्रो चौमासिक अवधीको सार्वजनिक सुनुवाई सञ्चालन भएको छ । स्वदेश एफ.एम.को सहजिकरणमा नगर कार्यपालिका परिसर बसन्तपुरमा खुला रूपमा मिति २०८३ जेष्ठ ४ गते सोमबारका दिन सो सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको हो ।

कार्यक्रममा माडी नगरपालिकाका नगरप्रमुख श्री ताराकुमारी काजी महतो, प्रमुख प्रशासकीय अधिकृत श्री जगत प्रसाद भुसाल, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, नगर कार्यपालिकाका शाखागत प्रमुख र कर्मचारीहरू, राजनैतिक दलका अध्यक्ष, सभापति र प्रतिनिधीहरू; सामाजिक संघसंस्थाहरूका प्रमुख र प्रतिनिधी; स्थानीय शिक्षासेवी; समाजसेवी; महिला अधिकारकर्मी; दबाव समूह र नागरिक समाजका प्रतिनिधिहरू, सुरक्षाकर्मी, टोल विकास संस्थाका प्रतिनिधिहरू, आदिवासी, जनजाती, पिछडा वर्ग, दलित, मुस्लिम लगायतका लक्षित समुदायहरू र सर्वसाधारण माडीबासीहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।



CamScanner

## २. कार्यक्रमका उद्देश्य :

- माडी नगरपालिका नगर कार्यपालिका कार्यालय, मातहतका वडा कार्यालय र विषयगत शाखा कार्यालयहरूका काम कारवाही, सेवा प्रवाह, योजना एव कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउनु ।
- सेवाग्राहीप्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीका गुनासो वा जिज्ञासाका बारेमा प्रश्नोत्तर गराउनु ।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकका प्रत्याभूति गराउने ।
- प्राप्त उपलब्धि र गुनासोबारे नागरिकको अभिमत वा विचार बुझी सेवा प्रवाह सुधार गर्ने
- नागरिकहरूबीच दोहोरो संवाद स्थापित गर्ने तथा यस्ता संवादबाट नागरिकहरुलाई नगर विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमबाट माडी नगरपालिकाको विकास निर्माण कार्य र सेवा प्रवाहलाई गुणस्तरीय एवं प्रभावकारी बनाउने ।
- नगरपालिकाका जननिर्वाचित जनप्रतिनिधि तथा कार्यपालिाक कार्यालयमा कार्यरत कर्मचारीहरूलाई नागरिकहरूप्रति जवाफदेहि बनाउने ।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरूमा नागरिकहरूको सहभागीता बृद्धि गर्ने ।
- वडाबासीले व्यहोर्नु परेको समस्या र विभिन्न माध्यमबाट प्राप्त जनगुनासो, उजुरी र प्रतिक्रिया उत्तरित गराउने
- अघिल्लो सार्वजनिक सुनवाइमा औँल्याइएका विषयमा भएका सुधार र सान्दर्भिक महत्वको अन्य बिषयमा चर्चा ।

## ३. सार्वजनिक सुनुवाईको बिषयबस्तु :

- माडी नगरपालिका कार्यालयबाट सेवाग्राहीलाई उपलब्ध गराइएका वा गराइने सेवासुविधा र गुणस्तर ।
- नगरपालिकाले कार्यसम्पादन गर्दा बेहोर्नुपरेका समस्या ।
- नगरपालिकाको कामको सिलसिलामा विभिन्न माध्यमबाट प्राप्त जनगुनासो, उजुरी र प्रतिक्रिया ।
- सो गुनासो, उजुरी वा प्रतिक्रियाहरूलाई सम्बोधन गर्न गरिएका कार्यको संक्षिप्त विवरण ।
- चालू आर्थिक वर्षमा कार्यान्वयन भइसकेका योजना, परियोजना, कार्यक्रम, बजेट जस्ता विषयमा लक्षित समुदायका सदस्य, खास लाभक र सरोकारवालाका जानकारीमा पुग्नुपर्ने विषयवस्तु ।
- कार्यान्वयन सुरू भई सञ्चालनमा रहेको सेवा तथा कार्यक्रममा प्रतिनिधि लक्षित समुदाय, सेवाग्राही र लाभक वा उपभोक्ताले अपेक्षा गरेका सेवासुविधा र त्यसको उपलब्धतामा रहेका कानुनी वा वैधानिक सीमा भए त्यसको स्पष्ट विवरण ।
- अघिल्लो सार्वजनिक सुनवाइमा औँल्याइएका विषयमा भएका सुधार र थप उपलब्धि ।
- समम सान्दर्भिक महत्वको अन्य कुनै कुरा ।

## ४. कार्यक्रमको संक्षिप्त जानकारी :

- सार्वजनिक सुनवाई सञ्चालन गरेको संस्था : स्वदेश एफ.एम. ९३.२ मेगाहर्ज, माडी-३, चितवन
- सहजकर्ता : देव नारायण शाह, अध्यक्ष-स्वदेश एफ.एम. र अध्यापक-नेपाल खुला विश्वविद्यालय (पत्रकारिता)
- सहयोगी (अभिमत सर्वेक्षण, टिपोट र माइनोट) : दिप्ती विश्वकर्मा
- क्यामेरा र प्रविधि : शक्ति चौधरी (फिल्ड क्यामेरा र फेसबुक लाइभ) र समिर महतो (एफ.एम. स्टुडियो लाइभ)
- प्रत्यक्ष प्रशारण : स्वदेश एफ.एम. ९३.२ मेगाहर्जको रेडियो प्रशारणबाट
  स्वदेश एफ.एम.को फेसबुक पृष्ठमार्फत
  मिति : २०८३ जेष्ठ ४ गते सोमबार
- स्थान : माडी नगरपालिका नगर कार्यपालिका परिसर (खुला कार्यक्रम), बसन्तपुर, चितवन



CamScanner

## ५. जवाफदेही वक्ताहरू :

**क. नगर कार्यपालिका (जनप्रतिनिधीहरू)**

१. **ताराकुमारी काजी महतो**, नगरप्रमुख
२. **खेमप्रसाद महतो**, नगर उपप्रमुख
३. **जगतप्रसाद भुसाल**, प्रमख प्रशासकीय अधिकृत
४. **डण्डपाणी पौडेल**, नगर कार्यपालिका प्रवक्ता, वडाध्यक्ष, माडी-२ एवं कृषि तथा सहकारी समिति संयोजक
५. **अमित कुमार लामा**, वडाध्यक्ष, माडी-१ एवं यातायात व्यवस्थापन समिति संयोजक
६. **पुरन महतो**, वडाध्यक्ष, माडी-३ एवं युवा, संस्कृति तथा खेलकुद समिति संयोजक
७. **माधव थापामगाई**, वडाध्यक्ष, माडी-४ एवं पर्यटन विकास समिति संयोजक
८. **गणेश कुमार विश्वकर्मा**, वडाध्यक्ष, माडी-५ एवं पूर्वाधार विकास समिति संयोजक
९. **दीपेन्द्र पौडेल**, वडाध्यक्ष, माडी-६ एवं सामाजिक विकास समिति संयोजक
१०. **चन्द्र कुमारी बानियाँ**, वडाध्यक्ष, माडी-७ एवं महिला तथा वालबालिका समिति संयोजक
११. **बीरेन्द्र बहादुर भण्डारी**, वडाध्यक्ष, माडी-८ एवं वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक
१२. **घनश्याम दवाडी**, वडाध्यक्ष, माडी-९ एवं विधेयक समिति संयोजक
१३. **सीता सुवेदी**, कार्यपालिका सदस्य एवं सार्वजनिक सेवा तथा क्षमता विकास समिति संयोजक
१४. **सन्तोष बोट**, कार्यपालिका सदस्य एवं आर्थिक विकास समिति संयोजक
१५. **रिचा सुनार**, कार्यपालिका सदस्य एवं दलित समन्वय समिति संयोजक
१६. **सविता महतो**, कार्यपालिका सदस्य एवं आदिवासी तथा जनजाती समिति संयोजक
१७. **लक्ष्मीदेवी भण्डारी**, नगर कार्यपालिका सदस्य
१८. **बिना थापा**, नगर कार्यपालिका सदस्य
१९. **कमल बहादुर भुजेल**, नगर कार्यपालिका सदस्य

## ६. सञ्चालन प्रक्रिया

**(क) समन्वयात्मक बैठक**

माडी नगरपालिकाद्वारा चालू आ.व. २०८२/८३ का नीति तथा कार्यक्रम एवं सार्वजनिक सेवा प्रवाहको प्रभावकारिताका सम्बन्धमा नगरपालिकाको बार्षिक कार्यक्रम अन्तरगत सार्वजनिक सुनुवाई सञ्चालनका लागि स्वदेश एफ.एम.लाई मिति २०८२ मंसिर २६ गते (प.सं. २०८२/८३, च.नं.: ११९६ बाट) कार्यादेश दिइएकोमा चालू आ.व.को दोश्रो चौमासिक सुनुवाई सञ्चालन गर्न नगरप्रमुख ताराकुमारी काजी महतो, उपप्रमुख खेमप्रसाद महतो, प्रमुख प्रशासकीय अधिकृत जगत प्रसाद भुसाल एवं सुचना प्रविधि अधिकृत प्रवीण भण्डारीसंग तीन पटकको समन्वयात्मक छलफल पश्चात मिति मिति २०८३ जेष्ठ ४ गतेका लागि सार्वजनिक सुनुवाईको मिति तय भएको हो ।

**(ख) नागरिक अभिमत र बहिर्गमन अभिमत संकलन**

सार्वजनिक सुनुवाई सञ्चालनका क्रममा नागरिकहरूबाट अभिमत लिन बहिर्गमन अभिमत तथा नागरिक प्रतिवेदन तयार गरी प्रस्तुतिकरण गर्नुपर्ने व्यवस्था अनुरूप सुनुवाईको कार्यादेश पाएको स्वदेश एफ.एम.का पत्रकारहरू दिप्ती विश्वकर्मा, कृशा सुनार र अर्जुन बि.सी.ले माडी नगर कार्यपालिका कार्यालयमा भेटिएका सेवाग्राही नगरवासीहरूसंग बहिर्गमन अभिमत संकलन गरेका थिए । त्यसैगरी कार्यपालिकाको कार्यालय र नगरका विभिन्न वडाहरूमा पुगी नागरिकको सन्तुष्टीको दर मापक नागरिक अभिमत सर्भेक्षण भएको थियो । नगर कार्यपालिका कार्यालयको सार्वजनिक सुनुवाई गर्नुपूर्व माडी नगरपालिकाका ९ वटै वडाहरूमा वडास्तरीय सार्वजनिक सुनुवाई सञ्चालन भएको थियो । सो कार्यक्रममा सहभागी जवाफदाताहरू समेतलाई सर्भेक्षण विधिबाट प्रश्नावली भराई नागरिक अभिमत प्रतिवेदन तयार भएको हो ।

*पुनश्चः बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन यसै प्रतिवेदनसंगै नत्थी रहेको छ ।*



CamScanner

**(ग) सार्वजनिक सुनुवाई सञ्चालन**

माडीको बसन्तपुरस्थित स्वदेश एफ.एम.को सहजिकरण र माडी नगरपालिकाको आयोजनामा सम्पन्न सो कार्यक्रममा अध्यक्षता माडीका नगरप्रमुख श्री ताराकुमारी काजी महतोको रहेको थियो। कार्यक्रमको सञ्चालन, बहिर्गमन अभिमत तथा नागरिक अभिमत प्रतिवेदनको प्रस्तुती र सहजिकरण स्वदेश एफ.एम.का अध्यक्ष श्री देव नारायण शाहले गर्नुभएको थियो भने माडी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री जगत प्रसाद भुसालले नगरपालिकाको संक्षिप्त प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

कार्यक्रममा सहभागीहरूले चालू आ.व. २०८२/८३ का नीति तथा कार्यक्रमहरूबारे उठान गरेका विभिन्न विषय, प्रश्न, सुझाव र टिप्पणीहरूमाथि नगरप्रमुख महतो, प्रमुख प्रशासकीय अधिकृत भुसाल र नगर कार्यपालिका प्रवक्ता डण्डपाणी पौडेलले उत्तरित गर्नुभएको थियो। सुनुवाईमा माडीका क्रियाशील राजनैतिक दलहरूले समेत आफ्ना सुझाव र प्रतिक्रियाहरू प्रस्तुत गरेका थिए। सामाजिक सञ्जालमार्फत पनि सुझाव एवं टिप्पणीहरू लिइएको थियो भने रेडियोले अडियो तथा श्रव्यदृश्य माध्यमहरूबाट प्रत्यक्ष प्रशारण समेत गरी स्वदेशदेखि प्रवासमा रहेका सम्पूर्ण नागरिकहरूबिच सञ्चार गरेको थियो।

तीन चरणसम्म चलेको प्रश्नोत्तर (सवाल जवाफ) पश्चात सबैलाई धन्यवाद दिँदै सुनुवाईको सभाध्यक्ष रहनुभएका नगरपालिकाका मेयर श्री ताराकुमारी काजी महतोले कार्यक्रम समापन गर्नुभएको थियो। सुनुवाईको समाचार स्थानीय रेडियो, अनलाइन र पत्रपत्रिकाहरूले प्रकाशन र प्रशारण समेत गरेका थिए।

*पुनश्चः सार्वजनिक सुनुवाईको कार्यक्रम तालिका यसै प्रतिवेदनसंगै नत्थी रहेको छ।*

**७. सुनुवाई सञ्चालनका क्रममा भएका सवाल जवाफको विवरण :**

| क्र. सं. | प्रश्नकर्ता वा सुझाव दाताको नाम ठेगाना | सहभागीको प्रश्न, गुनासो वा सुझाव | जवाफ दिने पदाधिकारीको नाम ठेगाना | जवाफको छोटकरी विवरण |
|---|---|---|---|---|
| १. | गणेश पौडेल, माडी–६, कल्याणपुर | कृषिका लागि पर्याप्त बजेट नरहेको गुनासो गर्दै कल्याणपुरमा बिग्रिएको डिप बोरिङ मर्मत गर्न माग।<br><br>डेरीमा दुध ल्याउने किसानले पाइरहेको दुग्ध अनुदान घरमै उपयोग गर्नेले पनि पाउनुपर्ने सुझाव। | जगत प्रसाद भुसाल, प्रमुख प्रशासकीय अधिकृत | कृषिमा नगरले ४ करोड १३ लाख ८५ हजार रूपैया छुट्याएर प्राथमिकता सहितको बजेट व्यवस्था गरेको। बोरिङबाट कुलो लगाएर धान खान सकिने अवस्था संधै नहुने, सतही सिंचाईमै ध्यान दिन जरूरी। बोरिङको पानी प्रयोगकर्ताबाट शुल्क लिएर मर्मत सम्भारमा ध्यान दिन अनुरोध।<br><br>उत्पादनको लगत राखेर त्यसको आधारमा दुधमा अनुदान दिने व्यवस्था रहेको। घरायसी प्रयोगमा यसरी लगत राख्न मिल्ने अवस्था नरहेको। |
| २. | गोविन्द पौडेल, माडी–२, भैरवपुर | विकास निर्माणको काममा नगरपालिकाकै गाडी (ट्र्याक्टर)को प्रयोग गर्नुपर्ने व्यवस्था रहेकोमा समयमा साधन नपाइने गरेको औंल्याउँदै निजी ट्र्याक्टरलाई काम दिएर भएपनि समयमै योजना पुरा गराउन सुझाव।<br><br>भैरवपुर आधारभूत विद्यालयको भवन वेवारिसे भएको | ताराकुमारी काजी महतो, नगर प्रमुख | सुझाव ग्रहण<br><br>दिवाकर प्राविधिक शिक्षालयको एकवटा प्राविधिक धारको कक्षा भैरवपुरको स्कुल भवनमा सञ्चालन भएको। हाल पनि सो भवन उपयोगमा रहेको। |
| ३. | प्रकाशचन्द्र चापागाई, माडी–७, कीर्तनपुर | बघौडा अस्पताल ज्येष्ठ नागरिक र अपांग मैत्री हुन नसकेको र औषधीका लागि दिनभर पालो कुरेर बस्नुपर्ने अवस्था रहेको। | जगत प्रसाद भुसाल, प्रमुख प्रशासकीय अधिकृत | अस्पताल बहुतले नभएको, अपांगमैत्री नै रहेको। औषधीका लागि डक्टरले पुन: स्वास्थ्य जाँच गरेर थपघट हुने भएकाले सिधै औषधी दिन नमिल्ने। |



CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| ७. | हरि पोखेल, माडी-६, लक्ष्मीनिवास | बघौडा अस्पतालमा बृद्धबृद्धा र दीर्घरोगीलाई पालो कुराइने गरेको भन्दै आलोचना | ताराकुमारी काजी महतो, नगर प्रमुख | अस्पताल प्रशासन शाखा र डक्टरहरूलाई यसमा ध्यान दिन र अशक्त अपांगहरूका लागि छुट्टै लाइन वा व्यवस्था गर्न अनुरोध । |
| | | खेत जोत्ने ट्र्याक्टरको शुल्क खेतीको समय अगावै निर्धारण हुनुपर्ने र नगरपालिकाले तोकेको भन्दा धेरै शुल्क लिने ट्र्याक्टरलाई कारवाही गर्नुपर्ने माग | | ट्र्याक्टर व्यवसायीहरूसंग तत्कालै समन्वय बैठक बसी हालको बढेको तेलको मुल्यलाई पनि ध्यान दिंदै मुल्य तोकिने प्रतिवद्धता व्यक्त । |
| | | वडा नं. ६ को दुई स्थानमा फोहोर फाल्ने डम्पिङ साइट किन बनाएको सवाल | | वडा नं. ६ मा फोहोर डम्पिङ साइट नभई फोहोर वर्गिकरणस्थलका रूपमा अगाडि बढाएको । विगतमा गा.वि.स.ले नै निर्धारण गरेको स्थानमा काम गरिएको । कसैलाई असर नपर्ने र दुर्गन्ध नहुनेगरी अस्थायी रूपमा सो स्थानमा काम गरिएको । |
| ८. | यमकुमार त्वागुन, माडी-३, बसन्तपुर | सडक कुकुरहरू नियन्त्रण गर्नुपर्ने र सडक किनारमा ग्राभेल गरी फुटपाथ बनाउनुपर्ने सुझाव | ताराकुमारी काजी महतो, नगर प्रमुख | कुकुर बन्ध्यारकणमा बजेट रहेको । पशुपंक्षी सेवा शाखाले हरेक बर्ष कुकुर बन्ध्याकरण गर्ने गरेको । यस बिषयमा ध्यान दिन शाखालाई अनुरोध । |
| | | नगर प्रहरी परिचालन गरी बजार व्यवस्थापन गर्नुपर्ने सुझाव | | नगर प्रहरी नियुक्त भएको र तालिम दिन बाँकी रहेको । तालिमपछि समन्वय गर्दै बजार व्यवस्थापनका लागि खटाइने । |
| | | बिक्रमबाबा मेला र पूजाको आम्दानी माडी नगरपालिकाले उठाउनुपर्ने सुझाव | | बिक्रमबाबा मेलास्थलमा माडीले विगतमा पार्किङ पनि नपाएकोमा समन्वयपछि अहिले पार्किङ पाइएको । त्यसैगरी आम्दानी उठाउने बिषयमा पहल समन्वय गर्ने प्रतिवद्धता व्यक्त । |
| | | मगोई नदीमा जथाभावी शव जलाउने काम बन्द गरी निश्चित क्षेत्र तोक्नुपर्ने सुझाव | | सुझाव ग्रहण । |
| | | बसन्तपुर पुल्चोकदेखि फिल्महल जोड्ने भित्री बाटो स्तरोन्नति हुनुपर्ने माग | | सो बाटो विगतमा ३ मिटर मात्रै रहेको । अहिले ६ वा ८ मिटर नभइ केहि गर्न नसकिने । आवश्यक पहल गरिने । |
| ९. | दिपक सुवेदी, माडी-६, कल्याणपुर | बसन्तपुर बजारबाट पशु सेवा केन्द्र ( पशु अस्पताल) जाने बाटो नभएकोले बाटो बनाउनुपर्ने, | ताराकुमारी काजी महतो, नगर प्रमुख | अस्पतालको भवन हालै एक तला थपेको । अब धेरै गर्न बाँकी रहेको । बाटो राम्रो बनाउन बाँकी रहेको । क्रमशः निर्माण हुने र सेवा पनि थप हुँदैजाने प्रतिवद्धता व्यक्त । |
| १०. | उमाकान्त पौडेल, माडी-६, कल्याणपुर | पशुहरूमा थुनेलो रोगको परीक्षणका लागि पशु सेवा शाखा (पशु अस्पताल) मा कल्चर टेस्ट गर्ने मेसिन जडान गर्न माग । | ताराकुमारी काजी महतो, नगर प्रमुख | भेटेरिनरी अस्पतालमा कल्चर ल्याब राख्न संघ र प्रदेश सरकारलाई सिफारिस गरिएको, यदि त्यहाँबाट बजेट नपरेमा नगरपालिकाकै बजेटबाट भएपनि सो ल्याब सेवा राखिने प्रतिवद्धता व्यक्त । |
| ११. | राजकुमार परियार, माडी-८, खरकट्टा | बैकुण्ठधामबाट नगरपालिकाले पैसा र भेटी उठाएको तर मेला व्यवस्थापनको लागि पुरा खर्च नदिएकोले भुक्तानी बाँकी रहनगएको र मेला व्यवस्थापन समिति र स्थानीयबासीलाई उपेक्षा गरिएको गुनासो | ताराकुमारी काजी महतो, नगर प्रमुख | बैकुण्ठधामको मेलाको सन्दर्भमा खर्च गरेर बजेट माग्ने होइन कि बजेट हेरी खर्च गर्ने हो । त्यसैले बजेट हेरी सोही अनुसार काम गर्न अनुरोध ।<br>बैकुण्ठ क्षेत्रको विकासका लागि रोजगार कार्यक्रम र अन्य शीर्षकबाट नगरपालिकाले बजेट दिएकै छ, बजेट परेन भनेर बोलिदिनु भएन । |
| | | धनलक्ष्मी छहरासम्म पर्यटक लैजाने पदमार्ग निर्माण आधामात्रै भएकाले बाँकी खण्ड पुरा गर्न माग | ताराकुमारी काजी महतो, नगर प्रमुख | माडी नगरपालिकाले सबैतिर समेट्दा बजेट नपुगेको होला, तर सकेसम्म सबैलाई समेट्ने प्रयास गरिएको । धनलक्ष्मी छाँगासम्म पुग्ने कार्यक्रमलाई पनि बजेटमा समेट्ने । |



CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | नगरका पदाधिकारीहरू चढ्ने गाडी बिदाका दिनमा गुडेको अनुगमन हुनुपर्ने र माडी बाहिर जाँदा स्वीकृति लिनुपर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने | जगत प्रसाद भुसाल, प्रमुख प्रशासकीय अधिकृत | सरकारी कामका लागि हो, घर जान आउन होइन भनी कर्मचारीहरूले पदाधिकारीहरूलाई सम्झाउने गरेको। प्र.प्र.अ.ले कमैमात्र गाडी प्रयोग गर्नेगरेको। |
| | | बजारमा खाद्य अनुगमन र गुणस्तर चेकजाँच कम किन भएको सवाल। | | बजार अनुगमन कहिलेकाँही हुने नै गरको। बजारमा गर्न हुने र नहुनेबारे आफै बुझेर नागरिकस्तरबाटै ध्यान दिन आग्रह |
| | | ट्राफिक चेकजाँच नहुँदा सार्वजनिक बसहरूले चर्को हर्न बजाउने र निकै धुवाँ फाल्ने अवस्था रहेको। | ताराकुमारी काजी महतो, नगर प्रमुख | ट्राफिक चेकजाँचका लागि माडी नगरपालिकाले इलाका प्रहरी कार्यालयलाई मापसे र लापसे चेकजाँच सामग्री दिएको। चेकजाँचमा कडाई गर्न सम्बन्धित पक्षलाई अनुरोध गरिएको। |
| ४. | नबिन पराजुली, माडी–२, भैरवपुर | भैरवपुरको टोल विकास संस्थाहरू मर्ज (समायोजन)प्रति असन्तोष व्यक्त | उण्डपाणी पौडेल, नगर कार्यपालिका प्रवक्ता | टोल विकास संस्याको नाम परिवर्तन गर्न टोलका अध्यक्ष तयार नभएकाले समस्या परेको। सीमा हेरफेरबारे सामाजिक विकास शाखामार्फत समाधानको पहल गरिने। |
| | | सुकुम्बासीहरूको घर भत्किने अवस्था छ। यो समस्याको समाधानमा नगरपालिकाको राय माग | | सुकुम्बासी समस्या समाधानका लागि पहिले अन्यत्र व्यवस्था नगरी घर भत्काउन नदिइने, आवश्यक परे आफू मर्न तयार हुने प्रष्टोक्ति। |
| ५. | पूर्णभद्र पनेरू, माडी–८, खरकट्टा | हिंजोभन्दा आजको माडी निकै राम्रो भएपनि धेरै कामकुरा गर्न बाँकी रहेको सुझाव | ताराकुमारी काजी महतो, नगर प्रमुख | सुझाव ग्रहण। |
| | | चितवन ३ का संघीय सांसद हाल मन्त्री रहेकाले वन ऐन शंसोधन हुनुपर्ने, निकुञ्जभित्र कालोपत्रे बाटो नै बन्नुपर्ने, बाँदरझुलाको बस्ती र सुकुम्बासी समस्या समाधान हुनुपर्ने | | माडी नगरपालिकाले सुकुम्बासीहरूको व्यवस्था नहुँदासम्म कसैलाई उठाउन नदिने निर्णय गरिएको। हाल अतिक्रमण भएको बस्तीबारे जानकारी माग आएको भएपनि नगरले कहिंकतै अतिक्रमण भएको नदेखेको र त्यसरी नपठाउने जानकारी। |
| | | बोरिङका कारण कुलो बिस्थापित हुने अवस्था आउनु दु:खद् भएको सुझाव | | भूमिगत सिंचाईभन्दा सतही सिंचाईलाई प्राथमिकता दिने नीति तथा कार्यक्रम आउने। |
| ६. | हरिकुमार रानाभाट, माडी–७, गोपालनगर | टोल विकास संस्थाहरूलाई जिम्मेवारी (भूमिका)युक्त बनाउनुपर्ने | जगत प्रसाद भुसाल, प्रमुख प्रशासकीय अधिकृत | टोल विकास संस्थाहरूको काम कर्तव्य र अधिकारबारे प्रष्ट व्यवस्था गरी अभिमुखिकरण गरिएको। टोल समिति पुनर्गठन हुँदैगरेको। |
| | | फोहोर उठाउने ट्र्याक्टर (गाडी) मा १ जना कर्मचारी थप गर्नुपर्ने | | कर्मचारी थप्ने भन्दा डाउनसाइज गर्ने नीति रहेको। फोहोर। टोल विकास संस्थाहरूले फोहोर व्यवस्थापनमा ध्यान दिन अनुरोध। कर्मचारी राख्नुपरे स्थानीयले राख्नुपर्ने। |
| | | बजेट बनाउनुअघि सम्बन्धित सेवाग्राहीसंग परामर्श गर्नुपर्ने सुझाव। | ताराकुमारी काजी महतो, नगर प्रमुख | सुझाव ग्रहण। |
| | | न्यायीक समितिमा दलका प्रतिनिधि रहेकाले उनीहरूले गर्ने काममा राजनैतिक गन्ध आएको टिप्पणी | | मेलमिलापकर्ताहरू हरेक वडाबाट ५/५ जना समावेशी ढंगबाट लिएर तालिम दिएर जिम्मेवारी दिइएको। न्याय सम्पादन गर्दा कुनै राजनैतिक ढंगले हुने नगरेको र निश्पक्ष नै हुने गरेको। यस सम्बन्धी कानुन र नियमको पालना हुने गरेको। |
| | | कक्षा ५ र ८ सम्मका विद्यालयको सेवा क्षेत्रमा मा.वि.को बस गुडाउने काम बन्द गर्नुपर्ने सुझाव | जगत प्रसाद भुसाल, प्रमुख प्रशासकीय अधिकृत | पालिकाको काम स्कुले विद्यार्थी बोक्ने होइन, अबको नीति तथा कार्यक्रममा यसबारे नयाँ धारणा आउने। स्कुल बसहरूका कारण स्कुलको शैक्षिक गुणस्तर बढ्ने भन्दा लागत खर्च बढेको गुनासो आएको। |

## ६. निष्कर्ष :

माड़ी नगरपालिकाको आयोजना र स्वदेश एफ.एम.को सहजिकरणमा सम्पन्न सार्वजनिक सुनुवाईमा नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृत वडाध्यक्षहरू र नगर कार्यपालिका सदस्य एवं शाखा प्रमुख र अन्य कर्मचारीसहित नगरका जनप्रतिनिधी र नगरबासी सरोकारवाला एवं नागरिकहरूको उल्लेख्य र सक्रिय सहभागिता रहेका थियो। सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी सर्वसाधारणहरूले प्रश्नहरू राखी तत्कालै समाधान वा जवाफ पाएका थिए।

नागरिक एवं सेवाग्राहीको सक्रियतामा सार्वजनिक प्रशासनमा जवाफदेहिता बढाउन, स्वेच्छाचारिता नियन्त्रण गर्न, सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राखेर असल शासन बनाउन सार्वजनिक सुनुवाई प्रभावकारी देखिएको छ। कार्यालयका काम कारबाही, सेवा प्रवाह, योजना एव कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र वडाबासी सेवाग्राहीबीच प्रश्नोत्तर हुँदैगर्दा नगर कार्यपालिका कार्यालय र नगरबासीहरू बीच समन्वय र सम्पर्क बढ्नुका साथै विकास निर्माणको कार्यमा सक्रिय जनसहभागिता हुने र सुशासन, पारदर्शिता एवं जवाफदेहिता प्रवर्द्धन हुने देखिन्छ।

नागरिकको सबैभन्दा नजिकको र सबैभन्दा महत्वपूर्ण निकाय पनि स्थानीय सरकार हो। स्थानीय सरकारप्रति जनचासो देखाइनु, काम कारवाही र सेवाप्रवाहमा जनसहभागितामूलक र विगतका गल्ती कमजोरी सच्याएर लैजाने प्रतिवद्धताको लागि यो सुनुवाई महत्वपूर्ण रहेको छ। नागरिकको गुनासो सुनुवाईबाट सार्वजनिक निकायमा न्यायपूर्ण सहभागिता कायम गरी सुशासनको प्रत्याभूति दिलाउन तथा शासन प्रकृयामा सहभागिता बढाउन सार्वजनिक सुनुवाईलाई कार्यविधि बमोजिम चौमासिक रूपमा निरन्तर र नगरको वार्षिक क्यालेण्डरमा मिति र स्थान समेत उल्लेख गरी गर्नु अझै राम्रो हुनसक्छ। सार्वजनिक सुनुवाई कार्यक्रमको निरन्तरताले सेवाप्रवाहमा नागरिक सरोकार अझै बढ्नेछ।

## ७. सार्वजनिक सुनुवाईको समाचार र भिडियो लिंकहरू :

https://swadeshpost.com/posts/18010/
https://pardarshionline.com/news/12477

https://www.facebook.com/reel/2753186445057363
https://www.facebook.com/reel/1285846840418570
https://www.facebook.com/reel/1012973601263694
https://www.tiktok.com/@swadeshfm/video/7642312491971677448
https://www.tiktok.com/@swadeshfm/video/7642295756438768903
https://www.tiktok.com/@swadeshfm/video/7642279900686142738
https://www.tiktok.com/@swadeshfm/video/7641981860033105159
https://www.tiktok.com/@swadeshfm/video/7641980928390122770
https://www.tiktok.com/@swadeshfm/video/7641979891990138119
https://www.tiktok.com/@swadeshfm/video/7641978529965493522
https://www.tiktok.com/@swadeshfm/video/7641976773210672402

https://www.facebook.com/reel/846667921852243
https://www.facebook.com/reel/950819371121883
https://www.facebook.com/reel/2035944093964710
https://www.facebook.com/reel/1396921645803996
https://www.facebook.com/reel/963772699908501
https://www.facebook.com/reel/1965025034122016
https://www.facebook.com/reel/1707521483998818
https://www.facebook.com/reel/3045507258992448
https://www.facebook.com/reel/2457777674694061
https://www.facebook.com/reel/988710186989195
https://www.facebook.com/reel/990736537250970
https://www.facebook.com/reel/1296348418729017
https://www.facebook.com/reel/1289991076077647
https://www.facebook.com/reel/2067855530739441
https://www.facebook.com/reel/1593370795094429
https://www.facebook.com/reel/1527657405583458



CamScanner

| | | | | |
|---|---|---|---|---|
| १२. | टिकाराम पौडेल, माडी-४, सितलपुर | सितलपुर कालोपत्रे परियोजनाका केहि उपभोक्ताहरूबाट बक्यौता उठाउन बाँकी नै रहेकोले आफू लामो समयसम्म अध्यक्षको जिम्मेवारीमा बाध्यात्मक रूपमा रहनुपरेको गुनासो | ताराकुमारी काजी महतो, नगर प्रमुख | सो योजनामा काम (कालोपत्रे) भएपनि उपभोक्ता समितिले म्याचिङ फण्ड उठाउन नसक्दा समस्या भएको । अब समितिले उठाएको पैसा आफ्नै समितिमा राखेर मर्मत कार्यमा खर्च गर्नुभए हुन्छ, नगरपालिकाले सहयोग गर्ने प्रतिवद्धता व्यक्त । |
| १३. | यमबहादुर अधिकारी, (अपांग समाजका अध्यक्ष), माडी-१, चैनपुर | माडी नगरपालिकाबाट पछिल्लो समय अपांगहरूको बजेट कटौती भएको गुनासो गर्दै अपांग समुदायको हकहीतमा थप ध्यान दिन माग | ताराकुमारी काजी महतो, नगर प्रमुख | अपांगता भएकालाई ससर्त बजेटमा म्याचिङका लागि ३ लाख, अपांगमैत्री शौचालयका लागि ४ लाख र वडा कार्यालयहरूले पनि धेरयोर अपांगका लागि बजेट दिएको । |
| १४. | रमाकान्त सापकोटा, ( नागरिक समाज माडीका अध्यक्ष), माडी-७, जगन्नाथपुर | बनकट्टामा किसानमाथि कर उठाउने ढाट अझै किन नहटाएको भन्दै सवाल | ताराकुमारी काजी महतो, नगर प्रमुख | आर्थिक ऐन अनुसार ठेक्का गरी ढाट राख्न दिएको तर कानुनले त्यसो गर्न नदिने भनिएसँगै नगर कार्यपालिकाले सो ढाट हटाउनेबारे सकारात्मक निर्णय गरेको । अब सो ढाट हट्ने जानकारी । |
| | | माडीलाई हनुमानझुलासंग जोड्ने बगहीदेखि अमुवा जोडिने निकुञ्ज सडकलाई किन मर्मत नगरेको भन्दै प्रश्न । | | जंगलको बाटो मर्मतका लागि आफू पुगेको र विभागमा जानकारी पनि गराएको । अब बाँदरझुला हुँदै कुसुमखोला निस्कने बाटो निर्णय भएपनि चालू अवस्थामा बगही अमुवा बाटो चलेकोले नीतिगत अप्ठ्यारो परेको । यसबारे फेरि कोशिश गरिने । |
| | | डा. रबिन बस्ताकोटी सहित एक दर्जन कर्मचारीहरूलाई किन हटाएको भन्दै प्रश्न | | सरूवा सम्बन्धी विषय कर्मचारीको नियमित प्रक्रिया रहेको । डा. बस्ताकोटी आफ्नै राजिखुरीले आफ्नो वृत्तिविकासका निम्ति सरूवा लिइ जानुभएको । |
| | | एस.इ.ई. परीक्षामा राम्रो नतीजा ल्याएको सगरमाथा मा.वि. हनुमानझुलालाई सम्मान गर्न सुझाव | | हनुमानझुलास्थित सगरमाथा स्कुलका विद्यार्थीहरूलाई मनमोहन बालग्राममा राखी एसइइ परीक्षा दिन सघाएको, सो विद्यालयको भौतिक विकासमा निरन्तर ध्यान दिइएको । |
| १५. | भागिरथ बस्याल, (योगा अभियन्ता एवं रेडक्रसकर्मी), माडी-३, बसन्तपुर | रक्तदान र योगलाई सहयोग गर्न अनुरोध र बजेट दिन अनुरोध । | ताराकुमारी काजी महतो, नगर प्रमुख | सार्वजनिक सुनुवाईबाट नभई नगरसभाबाट बजेट छुट्याइने भएकाले आगामी नगरसभामा रेडक्रस, रक्तदान र योगालाई समेट्ने प्रतिवद्धता व्यक्त । |
| | | न्यायीक समितिले हल गरेको विवादलाई कार्यपालिकाले कार्यान्वयनमा सघाउनुपर्ने सुझाव | | न्याय सम्पादन गराउनु दुबै पक्षलाई जीतको महसुस गराएर गर्ने हो । यसबारे कार्यपालिकामा कुनै एजेण्डा आए कार्यपालिकाले कार्यान्वियन गर्ने । |
| | | बजार क्षेत्रमा अपराध घटाउन सिसिटिभी राख्नुपर्ने र पर्यटक घुमाउन गाइड तयार गर्नुपर्ने सुझाव | | सुझाव ग्रहण । |
| | | निकुञ्जभित्र सडक निर्माण अन्तरगत ब्लक बिछ्याउने प्रक्रिया किन अलपत्र परेको भन्दै जिज्ञास । | ताराकुमारी काजी महतो, नगर प्रमुख | निकुञ्जभित्र सडक निर्माण सम्बन्धमा संघीय संसद एवं कानुन मन्त्री सोविता गौतमले पहल लिएकाले संघीय बजेट आउँदासम्म पर्खिएको । उहाँले माग गरेअनुसारको फाइल पठाएको । संघीय सरकारले नै सो काम गर्ने विश्वास व्यक्त गर्दै त्यसका लागि धैर्यता राखिएको र तत्काल टेण्डर नगरिएको जानकारी । |
| १६. | रामकृष्ण अधिकारी ( रेडक्रसकर्मी), माडी-६, कल्याणपुर | नगर स्तरमा रेडक्रस शाखा स्थापना भएको जानकारी गराउदै नगर क्षेत्रमै ब्लड बैंक स्थापना गर्नुपर्ने आवश्यकता भएकोमा त्यसको पहलबारे सवाल | ताराकुमारी काजी महतो, नगर प्रमुख | नगरस्तरीय रेडक्रस गठन भएकोबारे रेडक्रस चितवन जिल्ला शाखाले जानकारी गराएको । ब्लड बैंक र डाइलाइसिसका लागि संघीय विशेष अनुदानमा बजेट माग गरिएको । बजेट आएपछि सबै मिलर ब्लड बैंक स्थापना गर्ने प्रतिवद्धता । |

*पुनश्चः सार्वजनिक सुनुवाईको क्रममा सोधिएका प्रश्न र त्यसको जवाफको भिडियो यसै प्रतिवेदनसंगै नत्थी रहेको छ ।*



CamScanner

## ८. सार्वजनिक सुनुवाई कार्यक्रमका केहि तस्वीरहरु





















## सार्वजनिक सुनुवाई कार्यक्रमका थप केहि तस्वीरहरु

















स्वदेश एफ.एम. ९३.२ मेगाहर्ज

.............................

**देव नारायण शाह**

**सार्वजनिक सुनुवाई सहजकर्ता**

**मिति : २०८३ जेठ ४ गते सोमबार**



CamScanner

२०८३।०२।०४

माडी नगरपालिका नगर कार्यपालिका कार्यालयको
आ.व. २०८२।८३ को दोस्रो चौमासिक
—— सार्वजनिक सुनुवाई ——

माडी नगरपालिका नगर कार्यपालिका कार्यालयको आ.व. २०८२।८३ को तेस्रो चौमासिक अवधीको सार्वजनिक सुनुवाई कार्यक्रम आज मिति २०८३।२।४ गते (तदनुसार १८ मे, २०२६) मा माडी नगरपालिका नगर कार्यपालिका परिसरमा नगरप्रमुख ताराकुमारी काजी महतोको अध्यक्षता र स्वदेश एफ. एम. को सहजिकरणमा निम्न उपस्थितिमा सम्पन्न भयो।

क) उपस्थिति :

१. ताराकुमारी काजी महतो - नगर प्रमुख एवं सभाध्यक्ष.
२. खेमप्रसाद महतो - नगर उप-प्रमुख
३. ज्ञान प्रसाद भुसाल - प्रमुख प्रशासकीय अधिकृत
४. उण्डपाणी पौडेल - नगर का.पा. प्रवक्ता एवं वडाध्यक्ष
५. अजित कुमार लामा - वडाध्यक्ष, माडी न.पा. - १
६. पुरन महतो - वडाध्यक्ष, माडी - २ वडा कार्यालय
७. माधव चापागाई - वडाध्यक्ष, माडी - ४
८. गणेश प्रसाद विश्वकर्मा - वडाध्यक्ष, माडी - ५
९. दीपेन्द्रराज पौडेल - वडाध्यक्ष, माडी - ६
१०. चन्द्रकुमारी बानियाँ - वडाध्यक्ष, माडी - ७
११. वीरेन्द्र बहादुर भण्डारी - वडाध्यक्ष, माडी - ८
१२. घनश्याम ढकाल - वडाध्यक्ष, माडी - ९
१३. सीता सुवेदी - नगर कार्यपालिका सदस्य
१४. सन्तोष गोटे - ,,
१५. रिया सुनार - ,,
१६. सविता महतो - ,,
१७. लक्ष्मीदेवी भण्डारी - ,,
१८. बीना थापा - ,,
१९. कमल बहादुर भुजेल - ,,
२०. देवनारायण शाह - सार्वजनिक सुनुवाई सहजकर्ता.

क्र.उ.प. -

रमाकान्त सापकोटा नागरिक समाज माडी

यम कुमार लामगुन, बसन्तपुर बजार टोल विकास संस्था

भरत प्रसाद रिमिलियन नेकपा माडी नगर अध्यक्ष

हरि प्रसाद चौधरी रा.प्र.पा नगर प्रवक्ता

नारायण दत्त रिजाल नं. सभापति (रा.स्व.पा.) मा.

श्रीप्रसाद दर्जी नेपाल प्रहरी

नेपाली काँग्रेस नं. ३ सभापति

पूर्णभद्र पन्तेरु भू.पू. गा.वि.स. अध्यक्ष अयोध्यापुरी

अनिल बस्याल, कृषि प्राविधिक, माडी न.पा.

मोहदत्त जिमार अधिकृतको ..

प्रविण अधिकारी सूचना अधिकृत

नविनराज कवाली आ.व. अधिकृत माडी न.पा.

डा. सन्तोष जोशी, पशु चिकित्सक, माडी न.पा.

डा. सुशिला कटुवाल नि.मे.सु. बघौडा अस्पताल

भोजराज रवाल आनन्द विश्राम चौतारो सं

जितराम महतो माडी उद्योग समिति अध्यक्ष

रामकुमार पन्थी माडी ८ वडाध्यक्ष अध्यक्ष

रचना घिमिरे माडी न.पा. (वडा नं. २) (वि.)

श्रीकृष्ण उपाध्याय मा.वि. ३ प्रमुख का. चितवन

गणेश रानामगर है.अ. आ.स्वा.से.के. जगतपुर

टेक नारायण पाठक अ.हे.व. आ.स्वा.के. शीतलपुर

गणेश पौडेल सेवाग्राही (कृषक) माडी-६, कल्याणपुर

भोला नाथ पौडेल मा.वि. ६-७ माडी स्वा.चौकी, वडव

दिनानाथ पौडेल माडी ४

शोभाकर ढकाल वै.चि. माडी आयुर्वेद, बकुवा

भगत राज अधिकारी नागरिक माडी ६

गोविन्द प्रसाद पौडेल नागरिक माडी २

नविन पराजुली माडी २

रोम बहादुर सुनार माडी ६

दिपक सुवेदी माडी ६

Binod ... माडी - ६

उमाकान्त पौडेल - ६

राजन तमाङ, माडी-६, स्याउलिबास (नगर...
प्र.ह. दिल बहादुर वि.क. / ई.प्र.का. बसन्तपुर
अमृत पाण्ड बाँसगढी, बर्दिया (नगर प्र... जवा...

मिति २०८१/...
वार्ड ६

गोविन्द प्र. पौडेल ... आधारभूत ...
मनिषा अर्याल, अ.हे.व. आ.स्वा.से.के., सिउरीबास
विता लामिछाने अ.न.मि. आ.स्वा.से.के. राघापुर
लक्ष्मण सुनार कल्कि टोल दिवालटाल्या माडी ६
कृष्ण प्र. पौडेल
हरि कुमार रानामगर माडी न.पा. ६
ओम प्र. पौडेल " " ६
चिरञ्जीवी पौडेल मा.न.पा. ६
कारन शर्मा गौतम मा.न.पा. ६
सन्तोष अधिकारी मा.न.पा. ६ प्रवक्ता नगरिक...
रचित के.सी. मा.न.पा. ६
कीर्तिनाथ सापकोटा मा.न.पा. ९
किरण प्रसाद महतो न्यायिक स.न. माडी
केशव राज अधिकारी श्री बालकल्याण आ.वि. माडी-६
मोती राम चौधरी मा.न.पा. ६
फुल माया महतो मितवत सक्रिय महिला प्रतिष्ठान
राम चन्द्र शाही
विनोद कुमार तिमिल्सिना माडी न.पा.
मुनाल ... माडी ३ ...
कुलानन्द भुसाल - प्र.अ. खैरहनी मा.वि., माडी
राम ... अधिकारी, माडी नगरपालिका, शाखा संयोजक
राम चन्द्र लम्साल माडी ६ (प्रेस ...)
प्र.जे. प्रशान्त पाठक ६ ...
विकास बराल प्रतिनिधि बघौडा अस्पताल
दिपेश विश्वकर्मा पत्रकार
राम बहादुर पोखरेल माडी-६
टेक मनी महतो आयोजक ...
मोती लाल अधिकारी माडी ६ ...

DATE:

हरि पोखरेल माडी न.पा.-६ लक्ष्मीनिवास

भीमनारायण कापडे गा.नं.पा.-४ शीतलपुर

जयराम महतो (लो.प्र.लक्ष्यौगति आ.वि (१-८) माडी-१

सुराम चापागाई आ.वि.पा.-४ शीतलपुर

मगरी [illegible]

राम बहादुर जिंसी जनकल्याण मा.वि. प्र.अ.

काशीनाथ दुर्गे माडी ८

जयादेवी १०२४८ माडी ०८

CamScanner